# जातिगत समानता प्रवर्द्धन गर्न हेतु लिईएका अवस्थित र योजनाबद्ध उपायहरू

## कानूनी सहायता विभाग द्वारा

हङकङमा, यदि कुनै व्यक्ति साधन र योग्यता का परीक्षणहरू मा योग्य ठहरिएको छ भने प्रत्येक व्यक्ति कानुनी सहायताको हकदार छन्, यसमा जाति वा निवासस्थान को वास्ता गरिन्दैन।

कानूनी सहायता विभाग (LAD) ले विभिन्न जातहरु का आवेदकहरु / सहायता प्राप्त व्यक्तिहरूलाई कानुनी सहायता सेवाहरू प्रदान गर्दा वहाँहरूलाई सहयोग प्रदान गर्न निम्न वर्णित उपायहरू लिएको / लिने योजना गरेको छ:

## क. कानूनी सहायता का सेवाहरु को विषय मा पर्चाहरु

**अवस्थित उपायहरु**

● LAD ले बंगाली, हिन्दी, इन्डोनेसियाली, नेपाली, तागालोग, पञ्जाबी, तमिल, थाई, उर्दू र भियतनामी लगायत १० वटा भाषाहरू मा कानूनी सहायता सम्बन्धी पर्चाहरू को एउटा श्रृंखला प्रकाशित गरेको छ।

● यी पर्चाहरू सँगै अन्य पर्चाहरू पनि LAD को कार्यालयहरू मा उपलब्ध छन् वा तिनीहरूलाई LAD को वेबसाइट बाट डाउनलोड गर्न सकिन्छ।

● ती पर्चाहरू सम्बन्धित वाणिज्य दूतावास कार्यालयहरू, प्रतिनिधित्व नगरिएका वादीहरू का लागि न्यायपालिका को संसाधन केन्द्र, प्रतिनिधित्व नगरिएका वादीहरू का लागि न्यायिक सल्लाह प्रदान गर्ने योजना को कार्यालय (प्रक्रियात्मक सल्लाह प्रदान गर्ने योजना), प्रहरी थानाहरू, गृह विभाग को सार्वजनिक सोधपुछ सेवा केन्द्रहरू, श्रम विभाग को परिसरहरु मा, सुधार सेवा विभाग, समाज कल्याण विभाग र सार्वजनिक अस्पतालहरू मा पनि उपलब्ध छन्।

● विभिन्न जाति का सम्भावित आवेदकहरू का लागि कानूनी सहायता सेवाहरू को गुणस्तर बढाउन ग्राहक सेवा पहल को रूप मा, अंग्रेजी वा चिनियाँ नबोल्ने सम्भावित आवेदकहरूलाई सचेत गराउन माथि उल्लिखित १० भाषाहरू मा पोस्टर डिजाइन गरी प्रदर्शन मा राखिएको छ। उनीहरूलाई आवेदन प्रक्रिया मा मद्दत गर्न नि:शुल्क अनुवाद सेवा को पनि व्यवस्था गरिएको छ।

● विभिन्न जाति का मानिसहरू ले  जानकारी प्राप्त  गर्न को लागि LAD को वेबसाइट मा रहेका सेवाहरू को बारेमा पोस्टर वा पर्चाहरू डाउनलोड गर्न सक्छन्।

**भविष्य मा गर्न पर्ने कामको मूल्याङ्कन**

- कानुनी सहायता सेवाहरू प्रवर्द्धन गर्नका लागि प्रचार कार्यक्रमहरू को प्रभावकारिता को बारेमा प्राप्त प्रतिक्रिया को सुधार गर्ने ध्येय ले निरन्तर समीक्षा गरिनेछ।

- LAD का सेवाहरू मा विभिन्न जाति का मानिसहरू बाट अन्यान्य प्रतिक्रिया र सुझावहरू सङ्कलन गरिनेछ अनि सेवाहरू मा निरन्तर सुधार गर्न का लागि विचार गरिनेछ।

## ख. कानूनी सहायताको आवेदनको लागि अनुवाद गर्ने सेवा

**अवस्थित उपायहरु**

- कानुनी सहायता प्रत्येक व्यक्ति को लागि उपलब्ध छ जसले साधन र योग्यता का परीक्षणहरू मा सफलता प्राप्त गर्छ, वहाँ को जाति अथवा निवासस्थान को वास्ता गरिन्दैन ।

- LAD ले अङ्ग्रेजी वा चिनियाँ नबोल्ने आवेदकहरूलाई आवेदन प्रक्रिया मा मद्दत गर्न नि:शुल्क अनुवाद सेवा प्रदान गर्ने व्यवस्था गर्नेछ।

- साधन र / वा योग्यता का परीक्षणहरू मा सफलता हासिल गर्न असफल भएका आवेदकहरूलाई उच्च अदालत को रजिस्ट्रार समक्ष पुनरावेदन गर्ने अधिकार छ। LAD ले आवेदकहरू / अपीलकर्ताहरूलाई पुनरावेदन को सूचना पेश गर्न, पुनरावेदन को लागि मिति तय गर्न र अंग्रेजी वा चिनियाँ नबोल्ने आवेदकहरू / अपीलकर्ताहरू को पुनरावेदन को सुनुवाइ मा अनुवादक को नि:शुल्क सेवा उपलब्ध गराउन को लागि न्यायपालिकालाई सूचित गर्न मद्दत गर्नेछ।

- अंग्रेजी वा चिनियाँ नबोल्ने आवेदकहरूलाई आवेदन प्रक्रिया मा मद्दत गर्न हेतु अनुवादक को निःशुल्क सेवाको उपलब्धता बारे सचेत गराउन माथि उल्लिखित १० वटा भाषाहरू मा पोस्टर डिजाइन गरी प्रदर्शन मा राखिएको छ।

**भविष्य मा गर्न पर्ने काम को मूल्याङ्कन**

- कानुनी सहायता सेवाहरू प्रवर्द्धन गर्नका लागि प्रचार कार्यक्रमहरू को प्रभावकारिता को बारेमा प्राप्त प्रतिक्रिया को सुधार गर्ने ध्येय ले निरन्तर समीक्षा गरिनेछ।

- विभिन्न जाति का आवेदकहरू सँग प्रत्यक्ष रुप मा वार्तालाप गर्न सक्षम बनाउने ध्येय ले माथि उल्लिखित १० भाषाहरू मध्ये समावेश भएका ९ वटा भाषाहरु तत्काल अनुवाद कार्यक्रम मा स्थापना गरिएको छ र बाँकी रहेको एउटा भाषालाई अघिल्ला पंक्ति का कर्मचारीहरु को कार्यस्थलमा स्थापना गरिने छ।

## ग. कानूनी सहायता प्राप्त कार्यवाही को लागि अनुवादक को सेवा

**अवस्थित उपायहरु**

- विभिन्न जातिका व्यक्तिहरूलाई अदालत मा कार्यवाही संस्थागत गर्न वा अदालत मा प्रतिरक्षा गर्न हेतु कार्यवाही गर्नलाई जब कानुनी सहायता प्राप्त दिइन्छ, LAD ले मुद्दा को सही तरिका मा कार्यान्वयन को लागि तोकिएको वकिलहरू ले उचित रूपमा खर्च गरेको व्याख्या र अनुवाद खर्च सहित मामिला मा प्रतिनिधित्व गरेको खर्च वहाँहरुलाई अग्रिम भुक्तानी गर्नेछ।

**भविष्य मा गर्न पर्ने काम को मूल्याङ्कन**

- सेवाहरू मा निरन्तर सुधार गर्नका लागि विभिन्न जाति का सहायता प्राप्त व्यक्तिहरू बाट वहाँहरु को प्रतिक्रिया सङ्कलन गरी त्यस माथि विचार गरिनेछ।

## घ. LAD का कर्मचारीहरुलाई प्रशिक्षण प्रदान

**अवस्थित उपायहरु**

- LAD कर्मचारीहरू को जातीय भेदभाव अध्यादेश (RDO) र जातीय समानता को प्रवर्द्धन सम्बन्धी प्रशासनिक दिशानिर्देशहरू (दिशानिर्देशनहरू) को समझ र जागरूकता बढाउन को लागि, RDO का सिद्धान्तहरू र दिशानिर्देशहरू तथा मुद्दाहरू साझेदारी गर्ने कार्यक्रम माथि समान अवसर आयोग द्वारा वार्ता प्रदान गर्ने व्यवस्था गरियो। वार्तामा LAD का कर्मचारीहरू सहित पेशेवर अधिकारीहरू, कानून कर्मचारी र अघिल्लो पंक्ति का लिपिक कर्मचारीहरू सहभागी थिए।
- कर्मचारीहरु ले हेर्न र प्रयोग गर्न पाउन भनी LAD पोर्टलमा प्रशिक्षण का सामग्रीहरू अपलोड गरियो।

**भविष्य मा गर्न पर्ने कामको मूल्याङ्कन**

- LAD ले कर्मचारी सदस्यहरू, विशेष गरी अघिल्लो पंक्ति मा कार्यरत कर्मचारी सदस्यहरूलाई RDO र मार्गनिर्देशनहरू बुझ्नको लागि उनीहरू को सांस्कृतिक र भाषिक दक्षता अभिवृद्धि गर्ने उद्देश्य लिएर प्रशिक्षण पाठ्यक्रमहरू को व्यवस्था गर्नेछ।
- LAD ले कर्मचारीहरू को लागि उपयुक्त प्रशिक्षण पाठ्यक्रमहरू व्यवस्थित गर्नका लागि आवेदकहरू / सहायता प्राप्त व्यक्तिहरू बाट प्राप्त प्रतिक्रिया र सुझावहरू सङ्कलन र विश्लेषण गर्नेछ।
- LAD ले RDO र मार्गनिर्देशनहरू बारे उनीहरू को बुझाइ बढाउन प्रस्ताव गरिने तालिम कार्यक्रमहरू मा कर्मचारीहरू बाट प्रतिक्रिया सङ्कलन र सुझावहरू पनि आमन्त्रित गर्नेछ।

## ङ. सार्वजनिक सोधपुछ / गुनासोहरू

LAD ले आफ्ना सेवाहरु को सम्बन्ध मा सोधपूछहरु र गुनासोहरु को विषय मा संशोधनात्मक पाइला चाल्ने राम्रो संग स्थापित प्रणाली राखेको छ। कानूनी सहायता आवेदकहरू, सहायता प्राप्त व्यक्तिहरू वा नियुक्त वकिलहरू लगायत का कुनै पनि व्यक्तिले सोधपुछ / उजुरी गर्न चाहने विभाग का ग्राहक सेवा अधिकारीहरूलाई सम्पर्क गर्न सक्छन् जसको नाम र टेलिफोन नम्बरहरू विभाग को कार्यालय परिसरमा र विभागको वेबसाइटमा देखाइएको छ। थप रूपमा, सोधपुछकर्ता / उजुरीकर्ताहरू ले विभाग वा विभागीय उजुरी अधिकारीलाई फोन / हुलाक / फ्याक्स / ईमेल मार्फत निम्नानुसार सम्पर्क गर्न सक्नुहुन्छ: -

हुलाक द्वारा: ध्यान : सुश्री किम्बर्ली यू
विभागीय उजुरी अधिकारी कानूनी सहायता विभाग
२७ तला, क्वीन्सवे सरकारी कार्यालयहरू, ६६ क्वीन्सवे,
हंगकंग

टेलिफोन द्वारा: (८५२) २८६७ ३१७१

फ्याक्स द्वारा: (८५२) २८६९ ०५२५

इ-मेल द्वारा: ladinfo@lad.gov.hk

अङ्ग्रेजी वा चिनियाँ बोल्न नसक्ने विभिन्न जाति का मानिसहरू ले आफ्नो सोधपुछ वा गुनासो गर्न नि:शुल्क अनुवाद सेवा को लागि विभागीय उजुरी अधिकारीलाई सम्पर्क गर्न सक्छन्।

विभागले "ग्राहक सेवा मापदण्ड" पुस्तिका पनि प्रकाशित गरेको छ जसमा कानूनी सहायता सेवा का प्रयोगकर्ताहरूलाई प्रदान गरिएका सेवाहरू को सम्बन्धमा सोधपुछ/उजुरी दर्ता गर्ने विभिन्न माध्यम र प्रक्रियाहरू को सम्बन्ध मा जानकारी गराइएको छ। यो पर्चा जनतामा वितरण को लागि उपलब्ध छ र विभाग को वेबपेजमा अपलोड गरिएको छ।

**कानूनी सेवा विभाग**
**जुलाई २०२२**